नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
(स्थानीय प्रशासन शाखा)
धनगढी, कैलाली
☎ ०९१-५२११०१ 🖷 ५२६४४७
daokailali@moha.gov.np
dao.kailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63, Dhangadhi

प.सं. ०८२/८३

# फरार कैदीबन्दीहरु सम्पर्कमा आउने सम्बन्धि अत्यन्त जरुरी सुचना !!!

यहि २०८२ भाद्र २४ गते भएको प्रदर्शनको क्रममा देशभरका विभिन्न कारागारबाट भागी फरार भएका कैदीबन्दीहरूलाई खोजी गरी कारागारमा फिर्ता ल्याउने कार्य निरन्तर भइरहेको भए तापनि अझै पनि केही संख्यामा कैदीबन्दीहरू कारागार बाहिरै रहेको देखिएकोले यसरी कारागारबाट भागी फरार भई कारागार भन्दा बाहिर रहेका कैदीबन्दीहरूको थप प्रभावकारी र परिणाममुखी ढंगले खोजी, नियन्त्रण तथा पक्राउ गर्ने भईरहेको व्यहोरा अवगतै छ । सोही विषयमा सहायक प्रमुख जिल्ला अधिकारीज्यूको संयोजत्वमा औपचारिक रूपमा "**फरार बन्दी खोजी तथा पक्राउ कार्यदल**" गठन भई कार्य प्रारम्भ समेत भै सकेको छ। यसरी भागी फरार भएका कैदीवन्दीहरु लुकाउने, छिपाने वा आश्रय दिने व्यक्तिलाई समेत कसुरदार ठहर गरी कानूनी कारवाही भई जाने भएकोले कैदीवन्दीहरुले स्वस्फुर्त रुपमा र लुकिछिपि वसेको जानकारी पाउने व्यक्तिले १०० वा नजिकको प्रहरी वा देहाय वमोजिमको सम्पर्क नं.मा गोप्य रुपमा सूचना/जानकारी गराई फरार रहेका कैदीवन्दीहरुलाई कारागार फर्काउने कार्यमा आवश्यक सहयोग गरिदिनु हुन समेत निर्देशानुसार हार्दिक अनुरोध छ।

**पुनश्च:** यसरी फरार भई वसेका कैदीबन्दीहरूले मिति २०८२।०६।२० गते सोमवारसम्म पनि आफू बसेको कारागार कार्यालय वा नजिकको प्रहरी चौकीमा सम्पर्क नगरी फरार नै रहेको हकमा कारागार ऐन, २०७९ र प्रचलित कानून बमोजिम कारबाही भई जाने व्यहोरा समेत निर्देशानुसार जानकारी गराईन्छ।

**देहाय**

१. जिल्ला प्रशासन कार्यालय, कैलाली ९८५८४२६६६६
२. जिल्ला प्रहरी कार्यालय, कैलाली ९८५८४९०११८
३. सशस्त्र प्रहरी बल, कैलाली ९८५१२६०३५४
४. राष्ट्रिय अनुसन्धान कैलाली ९८५८४६२३३३
५. कारागार कार्यालय कैलाली ९८५८४३३७७७

०८२/६/१२

शिवराज जोशी
प्रशासकीय अधिकृत

मिति:- २०८२।०६।१२
ने.स.:- ११४५